# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४९ सालको ऐन नं ७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाईसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यस ऐनको नाम "प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (पहिलो संशोधन) ऐन, २०४९" रहेकोछ।

१.२ यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद ऐन, २०४५ को दफा २ मा संशोधनः प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को उपदफा २.१.१ र २.१.२ को सट्टा देहायका उपदफा २.१.१ र २.१.२ राखिएकाछन्:-

२.१.१ "सभा" भन्नाले दफा २क. बमोजिम गठित प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सभा सम्झनु पर्छ।

२.१.२ "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापित प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् सम्झनुपर्छ।

३. मूल ऐनमा दफा २क. थप : मूल ऐनको दफा २ पछि देहायको दफा २क. थपिएकोछ:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३४

"२क. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सभाको गठन :

२क.१ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सभाको गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| २क.१.१ | शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्री वा राज्यमन्त्री | -अध्यक्ष |
| २क.१.२ | सभापति, जनसङ्ख्या तथा सामाजिक समिति, प्रतिनिधिसभा | -सदस्य |
| २क.१.३ | सदस्य, राष्ट्रिय योजना आयोग (जनशक्ति हेर्ने) | -सदस्य |
| २क.१.४ | सदस्य, लोक सेवा आयोग | -सदस्य |
| २क.१.५ | सचिव, शिक्षा संस्कृति तथा समाजकल्याण मन्त्रालय | -सदस्य |
| २क.१.६ | सचिव, उद्योग मन्त्रालय | -सदस्य |
| २क.१.७ | सचिव, श्रम मन्त्रालय | -सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

१३५

२क.१.८ सचिव, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य

२क.१.९ उपाध्यक्ष, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् -सदस्य

२क.१.१० शिक्षाध्यक्ष, त्रिभुवन विश्वविद्यालय -सदस्य

२क.१.११ अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ -सदस्य

२क.१.१२ विश्वविद्यालयहरूका प्राविधिक डिनहरू मध्येबाट अध्यक्षले मनोनीत गरेका पाँचजना -सदस्य

२क.१.१३ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीममा विशेष योगदान पु-याएका व्यक्तिहरूमध्येबाट अध्यक्षले मनोनीत गरेका तीन जना -सदस्य

२क.१.१४ औद्योगिक प्रतिष्ठानहरूका व्यक्तिहरूमध्ये अध्यक्षबाट मनोनीत तीनजना -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२क.१.१५ प्रतिनिधि,
नेपाल राजकीय
विज्ञान तथा प्रविधि
प्रज्ञा प्रतिष्ठान -सदस्य

२क.१.१६ परिषदका कर्मचारीहरू
मध्येबाट श्री ५ को
सरकारले
तोकेको व्यक्ति -सदस्य-सचिव

२क.२ सभाका मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरू पुनः मनोनीत हुन सक्नेछन्।

२क.३ सभाको बैठक सम्बन्धी कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ।"

४. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएकोछः-

"३. परिषद्को स्थापना :

३.१ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमलाई सुव्यवस्थित र स्तरयुक्त गर्न एवं त्यस्ता तालीम दिने विभिन्न निकायहरूका बीच समन्वय कायम गर्न तथा सीपको स्तर निर्धारण एवं प्रमाणिकरण गर्नको लागि एक प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना गरिएकोछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

926

३.२ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| ३.२.१ | शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्री वा राज्यमन्त्री | -अध्यक्ष |
| ३.२.२ | श्री ५ को सरकारबाट मनोनीत व्यक्ति | -उपाध्यक्ष |
| ३.२.३ | सदस्य, राष्ट्रिय योजना आयोग (जनशक्ति हेर्ने) | -सदस्य |
| ३.२.४ | सचिव, शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्रालय | -सदस्य |
| ३.२.५ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीममा विशेष योगदान पु-याएका व्यक्तिहरूमध्येबाट अध्यक्षले मनोनीत गरेका दुई जना | -सदस्य |
| ३.२.६ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमसंग सम्बन्धित विभिन्न सङ्घ संस्थाबाट अध्यक्षले मनोनीत गरेका दुईजना | -सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.२.७ परिषद्का कर्मचारीहरू मध्येबाट श्री ५ को सरकारले तोकेको व्यक्ति -सदस्य-सचिव

३.३ श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी परिषदका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

३.४ परिषद्ले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई परिषदको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

३.५ परिषदका अध्यक्ष तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

३.६ परिषदमा मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरू पुनः मनोनीत हुन सक्नेछन्।

३.७ परिषदका उपाध्यक्षको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछन्।"

५. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को उपदफा ५.३ को सट्टा देहायको उपदफा ५.३ राखिएकोछः-

"५.३परिषदको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

935

अध्यक्ष र उपाध्यक्ष दुबैको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।"

६. मूल ऐनमा दफा ४क. थप : मूल ऐनको दफा ४ पछि देहायको दफा ४क. थपिएकोछः-

"४क. सभाको काम, कर्तव्य र अधिकार : सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

४क.१ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्लाई मार्गदर्शन दिने।

४क.२ परिषद्को नीति निर्धारण गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्ने गराउने।

४क.३ प्राविधिक शिक्षा एवं व्यावसायिक तालीमको विकास र विस्तार समयानुकूल भए नभएको मूल्याङ्कन गर्ने गराउने।

४क.४ परिषद्को वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने।

४क.५ दीर्घकालिन योजना तयार गर्न लगाउने र त्यसको कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउन लगाउने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५क.६ आवश्यकतानुसार समिति, उपसमिति वा अध्ययन अनुसन्धान टोली गठन गर्ने गराउने।

५क.७ परिषद् अन्तर्गतका कुनै निकाय वा अधिकारीलाई आवश्यक निर्देशन दिने।

५क.८ यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएका अन्य कामहरू गर्ने गराउने।"

७. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएकोछः-

"६. परिषद्को काम, कर्तव्य र अधिकार : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

६.१ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको विकास गर्नको लागि तोकिए बमोजिमका विभिन्न शिक्षण प्रशिक्षण र अनुसन्धानको व्यवस्था गर्ने र त्यसको सञ्चालनको व्यवस्था मिलाउने।

६.२ निजी एवं गैर सरकारी क्षेत्रमा स्थापना वा सञ्चालन हुने प्राविधिक शिक्षा एवं व्यावसायिक तालीमको अध्यापन वा सञ्चालनको स्वीकृति दिने र तिनीहरूले पाउने सुविधा र सहयोग सम्बन्धी व्यवस्था गर्ने।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.३ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको सम्बन्धमा स्वदेशी विश्वविद्यालय वा शैक्षिक संस्थासङ्ग सम्बन्ध कायम गर्ने र स्तरयुक्त शिक्षा वा तालीममा जोड दिने।

६.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सम्बन्धी नीति निर्धारण गरी सभामा स्वीकृतिको लागि पेश गर्ने।

६.५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम कार्यक्रमहरुको क्षेत्र र स्तर निर्धारण गर्ने।

६.६ आधारभूत तहको सीप तथा तालीम सञ्चालन गर्ने र मध्यम स्तरीय जनशक्ति उत्पादन गर्ने।

६.७ बहु-प्राविधिक (पोलिटेक्निक) शिक्षालय स्थापना एवं सञ्चालन गर्ने गराउने।

६.८ श्री ५ को सरकारको स्वामित्वमा रहेका सङ्गठित संस्था तथा गैर सरकारी सङ्गठित संस्थाद्वारा सीप विकासको निमित्त दिइने व्यावसायिक तालीमको पाठ्यक्रम र पाठ्यपुस्तक निर्धारण समितिले निर्धारण गरे बमोजिम लागू गर्ने गराउने।

६.९ विभिन्न तालीम सम्बन्धी कार्यक्रमहरु बीच समन्वय कायम गर्ने गराउने।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.१० प्राविधिक प्रशिक्षक सम्बन्धी तालीम सञ्चालन गर्ने गराउने।

६.११ एप्रेन्टिससिप तालीम सम्बन्धी आवश्यक व्यवस्था मिलाउने।

६.१२ प्राविधिक शिक्षालयको क्षेत्रभित्र विभिन्न स्थानमा अल्पकालीन वा घुम्ती तालीम कार्यक्रम सञ्चालन गर्न प्रशिक्षण केन्द्रहरू, पाठ्यविषय (ट्रेनिङ प्याकेज) तथा तालीम दिने शिक्षक सम्बन्धी आवश्यक व्यवस्था मिलाउने।

६.१३ सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणिकरण सम्बन्धी व्यवस्था गर्ने गराउने।

६.१४ सीप प्रमाणिका बनाउने र सीपको स्तर निर्धारण गर्ने।

६.१५ सरकारी तथा गैरसरकारी निकायहरूले सञ्चालन गरी आएका सेवाकालीन तथा पूर्व सेवाकालीन, प्राविधिक तथा व्यावसायिक तालीमका पाठ्यक्रममा सामञ्जस्य ल्याई त्यस्ता तालीमहरूको राष्ट्रिय स्तरमा मूल्याङ्कन गरी स्तर निर्धारण गर्ने र मान्यता प्रदान गर्ने।

६.१६ आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न आवश्यक कार्य गर्ने गराउने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.१७ सभाले पारित गरेको कार्यक्रमको कार्यान्वयन गर्ने गराउने।

६.१८ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट सहयोग जुटाउने र प्राप्त सहयोगको सुव्यवस्थित रूपले परिचालन गर्ने गराउने।

६.१९ श्री ५ को सरकारलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमका लागि आवश्यक परामर्श दिने।

६.२० श्री ५ को सरकारको पूर्व स्वीकृति लिइ स्वदेशी, विदेशी वा अन्तर्राष्ट्रिय सङ्घ संस्थासङ्ग सम्झौता वा करार गर्ने।

६.२१ परिषद्को वार्षिक बजेट, प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रतिवेदन स्वीकृत वा अनुमोदन वा जानकारीको लागि सभामा पेश गर्ने।

६.२२ यस ऐनको उद्देश्य कार्यान्वयनको लागि आवश्यक अन्य कार्यहरू गर्ने गराउने।"

८. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएकोछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

988

"९. कर्मचारी सम्बन्धी व्यवस्था :

९.१ परिषदले आवश्यकतानुसार कर्मचारीहरूको नियुक्ति गर्न सक्नेछ।

९.२ परिषदको कर्मचारीको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"

९. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ मा रहेका "कार्यकारी निर्देशक" भन्ने शब्दहरू झिकिएकाछन्।

लालमोहर सदर मिति– २०५०।२।२७।४

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग